# कोभिड- 19 (COVID-19) विद्यालय बन्द र अंग्रेजी पढ्ने विद्यार्थीहरू

*5 things to know* — EDUCATION LAW CENTER

यो समाग्री अन्तिम पटक अप्रिल *23, 2020* मा अद्यावधिक गरिएको हो। केही जानकारी परिवर्तन भएको हुन सक्दछ।

**1.विद्यार्थीले निःशुल्क खाना पाउन सक्छन्:** धेरै विद्यार्थी, शहर र खाद्यशालाले लैजानका लागि नास्ता तथा खाना प्रदान गरिरहेछन्। स्थान र समय परिवर्तन हुन सक्दछ त्यसैले सबैभन्दा पछिल्लो जानकारी लिइ राख्नुहोस्। आफ्नो विद्यालय वा स्थानीय खाद्य बैंकमा सम्पर्क गर्नुहोस् वा जानकारीका लागि अनलाइनमा खोज्नुहोस्।

**2. यहाँले अनुवाद तथा दोभाषे सेवा प्राप्त गर्नु पर्दछ:** विद्यालय बन्द भएको अवधिमा यहाँको विद्यालयले अनिवार्य रूपमा यहाँसँग सम्पर्क गर्नु पर्दछ र यहाँले रोजेको भाषामा जानकारी साझा गर्नु गर्दछ। अंग्रेजीमा मात्र जानकारी यहाँले पाउनु भयो भने आफूलाई आवश्यक भाषा र कसरी जानकारी पठाउने भन्ने कुरा विद्यालयलाई बताउनु होस्।

**3. विद्यार्थीहरूको "ईएसएल (ESL)" वा भाषामा निर्देशनको अधिकार हुन्छ:** अंग्रेजी पढ्ने विद्यार्थीले अनिवार्य रूपमा ईएसएल (ESL) शिक्षक र अंग्रेजी निर्देशनबाट आफ्नो कक्षा बुझ्न र सहभागी हुनका लागि अनिवार्य रूपमा सहायता प्राप्त गर्नु पर्दछ। यहाँको बालबालिकाका लागि निर्देशन वा गृहकार्यका लागि सहायता आवश्यक भएमा ईएसएल (ESL) शिक्षकका लागि अनुरोध गर्नुहोस्।

**4. विद्यालयले अनलाइन सिकाइमा सहयोग गर्न सक्दछ:** यहाँको विद्यालयले अनलाइन सिकाइ प्रदान गरिरहेको छ भने इन्टरनेट पहुँच वा कम्प्युटरबाट कसरी हेर्ने भन्ने सहायताका लागि यहाँले अनुरोध गर्न सक्नु हुन्छ। अनुवाद सेवा तथा ईएसएल (ESL) श्रोत प्रयोग गर्ने लगायतका कसरी अनलाइन सिकाइ गर्ने भन्ने निर्देशन विद्यालयले पनि साझा गर्न सक्दछ।

**5. अशक्तता भएका विद्यार्थीलाई विद्यालयले अनिवार्य सहायता गर्नु पर्दछ:** विद्यार्थीमा अशक्तता भएमा विद्यालयले अनिवार्य रूपमा यहाँसँग यहाँको बालबालिकाको विशेष शिक्षा सेवा यहाँले रोजेको भाषामा दिने बारेमा छलफल गर्नु पर्दछ। विद्यालय बन्द हुँदा यहाँको बालबालिकाले प्राप्त गर्ने र अस्थायी रूपमा परिवर्तित सहायता यसमा पर्दछ। यहाँको विद्यालयले निश्चित सेवा प्रदान गर्न नसकेमा यहाँको बालबालिकाले विद्यालय पूनः खुलेपछि यी सेवाहरू प्राप्त गर्न सक्नेछ।

पेन्सिल्भानियामा सबै विद्यार्थीलाई गुणस्तरीय सार्वजनिक शिक्षामा पहुँच भएको सुनिश्चित गर्नका लागि समर्पित फिलाडेल्फिया र पिट्स्बर्गमा कार्यालय भएको गैरनाफामूलक, कानूनी पैरबी गर्ने संस्था शिक्षा कानून केन्द्र-पीए (ईएलसी) हो।
ईएलसी (ELC) का प्रशासनले कानूनको साधारण धारणा उपलब्ध गराउँदछन्। तथापि, हरेक अवस्था फरक हुन्छ र यी विषयमा राज्य तथा संघीय निर्देशन परिवर्तन भइरहन्छ।

कुनै जिज्ञाशा वा चासो भएमा कृपया हाम्रो सहयोग लाइन 215-238-6970 (पूर्वी वा मध्य पीए) वा 412-258-2120 (पश्चिम पीए) मा सम्पर्क गर्नुहोस्।